# प्रभु येशूमा विश्राम
# *(Rest in Jesus)*

(मिशन समाचार सहित)

लेखकहरुः
जेराल्ड र चान्टल क्लिङ्गबिल

भावानुवादकः
भजुराम तखाछैं श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०२१ (बि.सं. २०७८)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७८ (ई.सं. २०२१)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## बेचैनको निम्ति चैन वा विश्राम

आकाशमा हवाई जहाज शान्तसँग उडिरहेको थियो। अनि अचानक पाइलटले माइकबाट सबैले सुन्ने गरेर यो जानकारी दिए। हवाई जहाज ठूलो आँधी तरेर जानुपर्ने जानकारी दिंदै उनले भनेः "तपाईंहरू बसिरहनुभएको सिटहरूको पेटी बाँध्नुहोस्। हामीहरू आँधि भएर जानुपर्दा यो जहाज धेरै हल्लिनेछ तर तपाईंहरू आआफ्नो सिटमा सुरक्षित भएर शान्त हुनुहोस्।" त्यति भनेपछि पाइलटको आवाज चुप रह्यो।

एकैछिनपछि जब हवाई जहाज ठूलो आँधीभित्र घुस्दै थियो तब जहाज भयानक तरिकाले हल्लिन थाल्यो। शिरमाथि भएका सामान राख्ने ठाउँहरू खोल्न थाले; यात्रुहरू तनावग्रस्त भएर डरले सिटहरूमा कडा भएर बस्न थाले। विशेष गरेर नराम्रोसँग हल्लिन्दै रहेको जहाजको पछाडिबाट डरले कोही चिच्याएको आवाज सबैले सुने। जहाजका पखेटाहरू खोलेकोले र त्यो जहाज जमिनमा धस्न पुग्ने भयाभव अनुभव केहीले गर्न थाले। सबै यात्रुहरू तनावग्रस्त र डरले छटपटिरहेका थिए। सबै जना, तर एक जना सानी केटी बाहेक। त्यो केटी आफ्नो सिटको अगाडिको टेबुलमा रहेको कापीमा केही चित्रहरू कोर्दै थिइन्। उनले कहिलेकाहीं आफ्नो झ्यालबाट बाहिर हेर्थीन् र बाहिर ठूलो ठूलो बिजुली चम्केको उनले हेर्थिन् र "ओ" भन्थिन् तर फेरि चुपचाप आफ्नो सिटमा बसेर चित्र कोर्न थाल्थिन्।

उडिरहेको हवाई जहाजको  यात्रा कहिल्यै नसिद्धिने जस्तो भएको केही बेरमै जहाज आफ्नो लक्षित स्थानमा ओर्लेर रोक्यो। जब जहाज जमिनमा सकुशल रोक्यो त्यसबेला यात्रुहरू सबै जना खुशीले ताली बजाए। त्यो सानी केटी पनि आफ्नो झोला बोकेर जहाजबाट बाहिर निस्कन उभिरहेकी थिइन्। त्यसैबेला एक जना यात्रुले उनलाई उनी डराइनन् कि भनेर सोध्यो। हवाई जहाज नराम्रोसँग हल्लिरहेको बेलामा उनी कसरी चुपचाप रहन सकेको होला? "मलाई डर लागेको छैन" त्यो केटीले भनिन् "मेरो  बुबा पाइलट हुनुहुन्छ, र मलाई थाहा छ उनले मलाई घर लग्दै हुनुहुन्छ।"

बेचैन, अशान्ति र डर प्रायजसो सँगसँगै जान्छन्। हामी यस संसारमा छौं जहाँ हामीहरू चौबिसै घन्टा व्यस्त भइरहेका हुन्छौ जसको फलस्वरुप हाम्रो जीवनमा बेचैन वा अशान्ति र डरले अड्डा जमाइरहेका हुन्छन्। हामीमध्ये

कसले यस्ता कुराहरूसँग सङ्घर्ष गरेका छैनौं र? डर, चिन्ता र अब भविष्यमा के होला? विगतको समय बिति गयो, बर्तमानमा अहिले छौं तर भविष्यतिर हेर्दा हामीमा प्रश्न नै प्रश्नहरूको ओइरो लागिरहेको पाउँछौं। यस्तो अस्थिर संसारमा हामीले पाइरहने जवाफ सधैं हामीले चाहेको जस्तो नहुन सक्छ। समयमै तिर्नुपर्ने स्कूलको फी वा कर तिर्न सक्छौ कि सक्दैनौं वा हाम्रो वैवाहिक जीवनमा आइरहेको तलमाथिको आँधीमा हामी बच्न सक्छौं कि सक्दैनौं भन्ने चिन्ताले हामीलाई हल्लाइरहेको हुन्छ नै। हामीले परमेश्वरलाई कतिपल्ट बराबर निराश पारेतापनि  उहाँ हामीलाई निरन्तररूपमा प्रेम गर्नुहुन्छ कि हुँदैन भन्ने कुरामा हामी लागिरहेका हुन्छौं।

हामीले सामना गरिरहेका वा सामना गर्नुपर्ने ती केही डर र चिन्ताहरूलाई कसरी बहादुरीपूर्वक भिड्ने भनेर यस अध्ययन पुस्तिकामा खोतल्ने प्रयास गर्नेछौं। *ख्रीष्टमा विश्राम* भन्ने यस अध्ययन पुस्तिकाको  केवल शिर्षकमात्र होइन न त कुनै सुसमाचार प्रचारको अभियानमा आकर्षित गर्ने कुनै लोगो वा शङ्केत हो। ख्रीष्टमा विश्राम हुनु भनेकै येशूले आफ्ना भक्तहरूबाट अपेक्षा गरिएको जीवनको निम्ति चाहिने प्रतिज्ञाको मूल मन्त्र वा सूत्र होः "चोर डाँकाहरू चोर्न र मार्न र नाश गर्नमात्र आउँछन्। तर म आएँ ताकि तिनीहरूमा जीवन होस्। त्यो पनि अत्यन्तै प्रसस्त वा मनग्य जीवन तिनीहरूमा होस् भनेर म आएँ" (यूहन्ना १०:१० रूपान्तरित)।

जब लेखकहरूले यो  अध्ययन पुस्तक तयार पार्दै थिए तब तिनीहरूमा अचानक एउटा कुरो महसुस गरे। बाइबलीय शिक्षादीक्षा वा दर्शनमा भएका सबै विषयवस्तुहरूमा विश्रामको धारणा त जताततै बुनिरहेको उहाँहरूले भेट्टाएका थिए। मुक्ति, अनुग्रह, सृष्टि, साबथ, मानिस मरेपछि उसको अवस्था, येशूको दोस्रो आगमन र अरू धेरै विषयहरूसँग विश्राम भन्ने अवधारणा जोडिएको उहाँहरूले पाउनुभएको थियो।

जब येशूले हामीलाई उहाँकहाँ आउन र उहाँमा विश्राम पाउन निम्तो दिनुभएको थियो (मत्ती ११:२८) तब उहाँले केवल उहाँका चेलाहरूलाई वा सुरूमा इसाई चर्चलाईमात्र आमन्त्रण गर्नुभएको थिएन। पापले लादिएका भविष्यका पिँढीहरूलाई उहाँले देख्नुभएको थियो। ती पिँढीहरू पापले गर्दा अनेकौं रोगले ग्रस्त भएका, थकित, पिल्सिएका र सङ्घर्ष नै सङ्घर्ष गरिरहनुपरेका मानव जातिलाई विश्रामको स्रोतमा जानसक्नुपर्ने आवश्यकता उहाँले महसुस गर्नुभएको थियो। जब तपाईंले यस अध्ययन पुस्तक अध्ययन

गर्नुहुन्छ तब उहाँकहाँ आएर विश्राम लिन नबिर्सिनु होला। समुच्चरूपमा भन्नुपर्दा स्वर्गमा रहनुभएको हाम्रो परमेश्वर पिताको मातहतमा हामी सबै छौं र उहाँले हामीलाई छिट्टै घर लानुहुनेछ।

*चान्टल र जेराल्ड अन्तर्जातिय विवाह गरेर रमाइलो गरिरहेका छन्। उहाँहरू एक जुट भएर काम गरिरहेका छन्। चान्टल दक्षिण अफ्रिकाका हुनुहुन्छ। उहाँ एलेन जी ह्वाइट इस्टेटको सह-अध्यक्ष हुनुहुन्छ। उहाँकी श्रीमती जेराल्ड एडभेन्टिस्ट रिभ्यु मिनिस्त्रीमा सह-सम्पादक भएर काम गर्नुहुन्छ साथै आन्द्र्यु युनिभर्सिटीमा पुरानो करार र पौरणिक मध्यपूर्व अध्ययनकी रिसर्च प्रोफेसर हुनुहुन्छ। उनी जर्मनमा जन्मेकी र हुर्केकी थिइन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | २४/७ समाजमा रहने जीवन | १ |
| २. | बेचैन र विद्रोही | १५ |
| ३. | बेचैनको मूल जरो | ३२ |
| ४. | विश्रामको मोल | ४६ |
| ५. | "मकहाँ आऊ..." | ६३ |
| ६. | पारिवारिक डोरीमा पाइरहने विश्राम | ७७ |
| ७. | विश्राम, पारस्परिक सम्बन्ध, र चङ्गाइ | ९६ |
| ८. | विश्राम लिन स्वतन्त्र | ११५ |
| ९. | विश्रामको लय वा ढाँचा | १२९ |
| १०. | साबथ विश्राम | १४७ |
| ११. | अझ धेरै चाहना | १६२ |
| १२. | वेचैन अगमवक्ता | १७५ |
| १३. | अन्तिम तथा चरम विश्राम | १९२ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असोज ८, २०७७ (सेप्टेम्बर २४, २०२१) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १२-१८ (जुन २६-जुलाई २) |
| २ | अध्याय २ | असार १९-२५ (जुलाई ३-९) |
| ३ | अध्याय ३ | असार २६- साउन १(जुलाई १०-१६) |
| ४ | अध्याय ४ | साउन २-८ (जुलाई १७-२३) |
| ५ | अध्याय ५ | साउन ९-१५ (जुलाई २४-३०) |
| ६ | अध्याय ६ | साउन १६-२२ (जुलाई ३१- अगस्ट ६) |
| ७ | अध्याय ७ | साउन २३-२९ (अगस्ट ७-१३) |
| ८ | अध्याय ८ | साउन ३०- भाद्र ४ (अगस्ट १४-२०) |
| ९ | अध्याय ९ | भाद्र ५-११ (अगस्ट २१-२७) |
| १० | अध्याय १० | भाद्र १२-१८ (अगस्ट २८- सेप्टेम्बर ३) |
| ११ | अध्याय ११ | भाद्र १९-२५ (सेप्टेम्बर ४-१०) |
| १२ | अध्याय १२ | भाद्र २६-असोज १ (सेप्टेम्बर ११-१७) |
| १३ | अध्याय १३ | असोज २-८ (सेप्टेम्बर १८-२४) |